# बुढीगंगा गाउँपालिका
# आर्थिक विधेयक, २०८०
### (बुढीगंगा गाउँपालिका मोरङ्गको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन)

**प्रस्तावनाः**

बुढीगंगा गाउँपालिका मोरङ्गको आन्तरिक आय बृद्धिका लागि आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बुढीगंगा गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाइ पारित गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “आर्थिक ऐन, २०८०” रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि बुढीगंगा गाउँपालिका क्षेत्रभरी लाग ु हुनेछ ।

२. **सम्पति कर (घर जग्गा कर ) :** यस गाउँपालिकाको क्षेत्रभित्र बसोबास गर्ने ब्याक्ति, फर्म, कम्पनी तथा उद्योग व्यवसायहरुका नाममा दर्ता कायम रहेका जग्गामा निर्माण भएका घरहरु र घरले ओगटेको जग्गा समेतको स्थायी सम्पत्तिमा अनुसूचि (१) बमोजिम सम्पत्ति कर लगाइने र असुल गरिने छ । बक्योता घरजग्गा कर साबिकको नियम अनुसार असूल गरिनेछ ।

३. **भूमि कर (मालपोत):** यस गाउँपालिकाको क्षेत्रभित्र दफा १ बमोजिम सम्पति कर/घर जग्गा कर लाग्ने बाहेकका जग्गामा अनुसूचि (२) बमोजिम भूमि कर लगाइ असुल गरिने छ । बक्यौता मालपोत साबिकको नियम अनुसार असूल गरिनेछ ।

४. **घर जग्गा वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै पिन व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, गुम्ति, कारखाना, जग्गा, पोखरी वा अन्य पूरै वा आंशिक वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घरजग्गा वहालकर लगाइने र असूल गरिनेछ । बक्योता बहाल कर साबिकको नियम अनुसार असूल गरिनेछ ।

५. **व्यवसाय करः** यस गाउँपालिकाको क्षेत्र भित्र सन्चालित बिभिन्न उद्योगहरुमा वार्षिक कारोवारक ो स्व–घोषणा मध्ये कुनै एकको आधारमा अनुसूचि (४) बमोजिम र अन्य व्यापार, व्यवसाय र सेवाहरुमा सोही अनुसुचीमा तोकिय बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ । बक्यौता व्यवसाय कर साबिकको नियम अनुसनर असूल गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले प्रचलित कानूनले निषेध गरिएक ा बाहेक देहाय बमोजिमका व्यवसायिक कारोवार गरेमा त्यस्तो कारोवार गरेवापत अनुसूचि (5) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

(१) बनजन्य पदार्थहरु जस्तैः पात, खोटो, जडिबुटी, वनकस, लहरा आदि ।

(२) विभिन्न उद्योगहरु बाट मुख्य सामानहरु उत्पादन गर्दा निस्कने पदार्थहरु गौड उत्पादन ( दोस्रो उधोगमा कच्चा पदार्थको रुपमा प्रयोग हुने सामान), लगायतका बिभिन्न सामानहरु प्याक गरी वा बाँधी ल्याएका सामान र पुनः प्रयोग गर्न नमिल्ने थोत्रा कवाडी माल सामानहरु।

(३) मृत जीवजन्तुको ऊन, हाड, सिङ,खुर, प्वाँख, छाला , खवटा,भुत्ला तथा अन्य अङ्ग प्रत्यङ्गहरु (आखेटोपहार )

७. **पार्किङ्ग/पुर्वाधार उपयोग शुल्कः** मुख्य राजमार्ग बाहेक गाउँपालिका क्षेत्रभित्र प्रवेश गर्ने सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधनहरुबाट सडक मर्मतकोलागि पुर्वाधार निर्माण शुल्क लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी / हटिया शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार दैनिक तथा साप्ताहिक हाटबजार वा अस्थायी पसलहरु, सार्वजनिक पोखरी लगायतमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार हटिया /बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **फोहोर मैला संकलन सेवा शुल्कः** गाउँ पालिका क्षेत्रभित्र रहेका औद्योगिक/आवासीय घर व्यापार व्यवसाय तथा विभिन्न संघ सस्थाहरुवाट निस्कने फोहोर मैलाहरुको व्यवस्थापन गर्नको लागि फोहोर मैला संकलन सेवा उपलव्ध गराउने र सो वापत अनूसूचि (१०) मा उल्लिखित फोहोर मैला संकलन सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **अन्य सेवा शुल्क,दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क तथा दस्तुर लगाइने र असूल गरिनेछ ।

१३. **छुट तथा दण्ड जरिवाना :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । तर दैवि तथा प्राकृतिक प्रकोप, माहामारी तथा राष्ट्रव्यापी वन्दावन्दीको अवस्था आईपरेमा सो अवस्थाको कारणवाट करदातालाई हुने क्षतीको आकलन गरी गाउँ कार्यपालिकाको वैठकबाट निर्णय भए अनुसार छुट हुनेछ साथै गत बिगतको भुक्तानी गर्न बाँकी करमा लाग्ने जरीवानामा समेत सोही अनुसार छुट दिन सकिने छ । अनुसूचीका नोट खण्डमा व्यवस्था भए अनुसार दण्ड जरिवाना लाग्ने छ ।

१४. **कर तथा शुल्क संकलन सम्बन्धि अन्य निति तथा कार्यविधिः** यो ऐनमा भएको व्यवस्था बाहेकका विषयमा कर तथा शुल्क संकलन सम्बन्धि अन्य नीति तथा कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

१५. **अनुसुचीहरु :** अनुसुचि - १ सम्पति कर । अनुसुचि - २ भूमि कर । अनुसुचि - ३ घर जग्गा वहाल कर । अनुसुचि - ४ व्यवसाय कर । अनुसुचि - ५ जडिबुटी, कवाडी र जीवजन्तु कर । अनुसुचि - ६ पार्किङ्ग/पुर्वाधार निर्माण शुल्क । अनुसुचि - ७ विज्ञापन कर । अनुसुचि - ८ मनोरन्जन कर । अनुसुचि - ९ बहाल बिटौरी / हटिया शुल्क । अनुसुचि - १० फोहोर मैला संकलन सेवा शुल्क, दस्तुर । अनुसुचि - ११ अन्य सेवा शुल्क तथा दस्तुरहरु । अनुसुचि - १२ राजश्वका शिर्षक तथा संकेत नं. हरु ।

# बुढीगंगा गाउँपालिका

## आर्थिक ऐन २०८० अनुसार कर, दस्तुर र शु:ल्कहरुको दर रेट को अनुसूचिहरु
## २०८०/२०८१

### अनुसुची १
**(सम्पत्ति कर)**

**(१.१) व्यक्तिगत करयोग्य सम्पत्ति तर्फ :**

| क.सं. | सम्पत्तिको मूल्यांकन मूल्य रु | | बार्षिक सम्पति करको दर | कैफियत |
|---|---|---|---|---|
| | देखि | सम्म | आ.व. २०८०/०८१ | |
| १ | रु एक देखि | दुई लाख सम्म | प्रति लाख रु १०।० | |
| २ | दुई लाख एक देखि | पाँच लाख सम्म | प्रति लाख रु १२।० | |
| ३ | पाँच लाख एक देखि | दस लाख सम्म | प्रति लाख रु १५।० | |
| ४ | दस लाख एक देखि | बीस लाख सम्म | प्रति लाख रु १८।० | |
| ५ | बीस लाख एक देखि | पचास लाख सम्म | प्रति लाख रु २२।० | |
| ६ | पचास लाख एक देखि | एक करोड सम्म | प्रति लाख रु २५।० | |
| ७ | एक करोड एक देखि | दुइ करोड सम्म | प्रति लाख रु २८।० | |
| ८ | दुई करोड एक देखि | तीन करोड सम्म | प्रति लाख रु ३२।० | |
| ९ | तीन करोड एक देखि | चार करोड सम्म | प्रति लाख रु ३६।० | |
| १० | चार करोड एक देखि | पाँच करोड सम्म | प्रति लाख रु ४०।० | |
| ११ | पाँच करोड एक देखि | दस करोड सम्म | प्रति लाख रु ५०।० | |
| १२ | दस करोड देखि माथि जति सुकै भए पनि | | प्रति लाख रु ६०।० | |

**(१.२) उद्योग व्यवसायहरुको करयोग्य सम्पत्ति तर्फ :**

| क.सं. | सम्पत्तिको मूल्यांकन मूल्य रु | | बार्षिक सम्पति करको दर | कैफियत |
|---|---|---|---|---|
| | देखि | सम्म | आ.व. २०७९/०८० | |
| १ | रु एक देखि | बीस लाख सम्म | १०००।- | |
| २ | बीस लाख एक देखि | पचास लाख सम्म | ०.०५ % | |
| ३ | पचास लाख एक देखि | एक करोड सम्म | ०.०९ % | |

| | | | | |
|---|---|---|---|---|
| ४ | एक करोड एक देखि | तिन करोड सम्म | ०.१५ % | |
| ५ | तिन करोड एक देखि | पाँच करोड सम्म | ०.२० % | |
| ६ | पाँच करोड एक देखि | दस करोड सम्म | ०.२५ % | |
| ७ | दस करोड एक देखि | विस करोड सम्म | ०.३० % | |
| ८ | विस करोड एक देखि | पचास करोड सम्म | ०.३५ % | |
| ९ | पचास करोड भन्दा माथि जति भएपनी | | ०.४० % | |

द्रष्टब्यः १. बक्यौता घरजग्गा कर साबिककै नियम अनुसार असुल गरिने छ ।

२. घर जग्गाको मुल्यांकन सम्पत्तिकर सम्बन्धि कार्यविधि २०७६ अनुसार हुने छ ।

३. तोकिएको अवधि भित्र सम्पत्तिकर चुक्ता नगरे १०% जरिवाना लाग्नेछ ।

४. कर असुली स्ल्याव सिस्टमबाट गरिने छ ।

**(१.३) घरको मुल्यांकन प्रति बर्ग फिटमा (सबै)**

| क.सं. | घरको विवरण | निर्धारण गरिएको करको मूल्याङ्कन दर | प्रति बर्ष टुटफुट कट्टी दर % | कट्टी गर्ने जम्मा बर्ष | कैफियत |
|---|---|---|---|---|---|
| १ | पक्का इटा वा ढुंगामा फ्रेम स्ट्रक्चर, सिमेन्टको | १२००।० | ५ | ५० | १ देखि ४ सम्म उल्लेखित बाहेकका काठ, वास, सिमेन्टका खम्बा प्रयोग भई निर्माण भएका टालि,टिन तथा फुसको छाना भएका घरहरुमा सम्पत्तिकर लाग्ने छैन । |
| २ | पक्का इटा वा ढुंगामा माटोको जोडाई र RCC छाना वा सिमेन्ट जोडाई जस्ता छाना | ७५०।० | ७ | २५ | |
| | पक्का इटा वा ढुंगामा माटो जोडाई जस्ता वा टायल वा खरको छाना | ५००।० | ९ | २० | |
| ४ | टिनको छाना ,घेरावारा प्रयोग भएका भवनहरु तथा ट्रष्टहरु | ४००।०० | १० | २० | |

# अनुसुची २

## भूमिकर ⁄ मालपोत

## २.१ उद्योग तथा व्यक्ति दुबै

| सि.न. | जग्गाको क्षेत्रगत विवरण | जग्गाको वर्गिकरण विवरण | प्रति कठ्ठा दर रु. | |
|---|---|---|---|---|
| | | | वडा नं. १,२,३,४,५ | वडा नं. ६, ७ |
| १. | सडकले छोएका मुख्य व्यापारिक क्षेत्रका जग्गाहरु | (क) श्रेणीका जग्गा | ८०।- | ६०।- |
| २. | सडकले छोएका वा टोलका अन्य व्यापारिक क्षेत्रका जग्गाहरु | (ख) श्रेणीका जग्गा | ७०।- | ५०।- |
| ३. | सडकले छोएका अन्य आवासिय क्षेत्रका जग्गाहरु | (ग) श्रेणीका जग्गा | ५०।- | ४०।- |
| ४ | सडकले छोएका कृषि क्षेत्रका जग्गाहरु | (घ) श्रेणीका जग्गा | २५।- | २५।- |
| ५ | सडकले नछोएका कृषि क्षेत्रका जग्गाहरु | (ङ) श्रेणीका जग्गा | २०।- | २०।- |
| ६ | खोला बगरका जग्गाहरु | (च) श्रेणीका जग्गा | १५।- | १५।- |

**द्रष्टब्यः** १. तोकिए वमोजिमको भूमिकर वार्षिकरुपमा चुक्ता नगरे १०% जरिवाना लाग्नेछ ।

२. गुठी रैतानी तथा गुठी अधिनस्त जग्गाको भूमिकर गुठी कार्यालयमा वुझाएको रकम वरावरको घटाई वाँकी भूमिकर असुल गरिने छ ।

३. बक्यौता मालपोत साविककै नियम अनुसार असुल गरिने छ ।

# अनुसुची ३

## (बहाल कर)

**(३.१)** यस गाउँपालिका क्षेत्र भित्रका कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा,पोखरी वा अन्य पुरै वा आंशिक रुपमा वहालमा दिएकोमा सम्बन्धित धनीबाट बहाल रकमको १० प्रतिशत बहाल कर लिईने छ ।

# अनुसुची ४

## (व्यवसाय कर)

**(४) उद्योग तर्फ**

| क.सं. | विवरण | प्रस्तावित बार्षिक रु. | कैफियत |
|---|---|---|---|
| **४.१) चिया , कफि , रवर खेती तथा सो संग सम्बन्धित उद्योग** | | | |
| १ | ५ लाख सम्म | ५००।० | |
| २ | ५ लाख १ देखी १० लाख सम्म | १०००।० | |
| ३ | १० लाख १ देखी २५ लाख सम्म | २०००।० | |
| ४ | २५ लाख १ देखी ५० लाख सम्म | ५०००।० | |
| ५ | ५० लाख १ देखि १ करोड सम्म | १००००।० | |
| ६ | १ करोड १ देखि ५ करोड सम्म | १२०००।० | |
| ७ | ५ करोड देखि माथी (प्रति लाख) | ५।० | |
| **४.२) कृषि तथा पशुपन्छी (दुध तथा मासु उत्पादन तथा संकलन) र माछा व्यवसायमा आधारित उद्योग** | | | |
| १ | ५ लाख सम्म | ५००।० | |
| २ | ५ लाख १ देखी १० लाख सम्म | ७५०।० | |
| ३ | १० लाख १ देखी २५ लाख सम्म | १०००।० | |
| ४ | २५ लाख १ देखी ५० लाख सम्म | १५००।० | |
| ५ | ५० लाख १ देखि १ करोड सम्म | ३०००।० | |
| ६ | १ करोड १ देखि ५ करोड सम्म | ५०००।० | |
| ७ | ५ करोड देखि माथी (प्रति लाख) | ५।० | |

| | | | |
|---|---|---|---|
| **४.३) खाद्य उद्योग : विभिन्न प्रकारका खाद्य पदार्थ उत्पादन गर्ने (चिनी, दाल, चामल, तेल, चिउरा, पिठो, मसला, मस्यौरा लगायतका) लघु, घरेलु, साना तथा ठूला खाद्य उद्योग ।** | | | |
| १ | १० लाख सम्म | ५००।० | |
| २ | १० लाख १ देखी २० लाख सम्म | ७००।० | |
| ३ | २० लाख १ देखी ५० लाख सम्म | ११००।० | |
| ४ | ५० लाख १ देखी १ करोड सम्म | १६००।० | |

| | | | |
|---|---|---|---|
| ५ | १ करोड १ देखि २ करोड सम्म | ३५००।० | |
| ६ | २ करोड १ देखि ५ करोड सम्म | ७०००।० | |
| ७ | ५ करोड देखि माथी (प्रति लाख) | ५।० | |
| **४.४) दुग्ध प्रशोधन तथा दुग्ध पदार्थ उत्पादन, पानी प्रशोधन उद्योग तथा चिस्यान केन्द र बरफ तथा** | | | |
| १ | १५ लाख सम्म | ५००।० | |
| २ | १५ लाख १ देखी २५ लाख सम्म | ७५०।० | |
| ३ | २५ लाख १ देखी ५० लाख सम्म | १०००।० | |
| ४ | ५० लाख १ देखी १ करोड सम्म | २०००।० | |
| ५ | १ करोड १ देखि २ करोड सम्म | ५०००।० | |
| ६ | २ करोड १ देखि ५ करोड सम्म | १००००।० | |
| ७ | ५ करोड देखि माथी (प्रति लाख) थप रु.५।- | ५।- | |
| **४.५) साना कुटानी पिसानी गर्ने घरेलु मिल** | | | |
| १ | कुटानी तथा पिसानी मात्र | ५००।० | |
| २ | कुटानी, पिसानी तथा पेलानी समेत | ७५०।० | |
| ३ | कुटानी, पिसानी, पेलानी र चिउरा समेत | १०००।० | |
| ४ | कुटानी, पिसानी, पेलानी, चिउरा र मसला जन्य पदार्थ समेत | १५००।० | |
| ५ | कुटानी, पिसानी, पेलानी, तथा सामान्य विक्रि वितरण समेत | ५०००।० | |
| **४.६) कन्फेक्सनरी, चकलेट, मिश्री, नुडल्स, पापड, चिप्स तथा पाउरोटी, बिस्कुट उद्योग हरु** | | | |
| १ | रु १ देखि देखी १० लाख सम्म | १०००।० | |
| २ | १० लाख १ देखि २० लाख सम्म | २०००।० | |
| ३ | २० लाख १ देखि ५० लाख सम्म | ५०००।० | |
| ४ | ५० लाख १ देखि १ करोड सम्म | ७०००।० | |
| ५ | १ करोड १ देखि २ करोड सम्म | १००००।० | |
| ६ | २ करोड १ देखि ५ करोड सम्म | १५०००।० | |
| ७ | ५ करोड देखि माथी (प्रति लाख) थप रु.५।- | ५।० | |
| **४.७) पशु पन्छी आहार तथा दाना उद्योग** | | | |
| १ | १ देखी ५० लाख सम्म | १०००।० | |
| २ | ५० लाख १ देखि १ करोड सम्म | २०००।० | |
| ३ | १ करोड १ देखि २ करोड सम्म | ३०००।० | |
| ४ | २ करोड १ देखि ५ करोड सम्म | ५०००।० | |
| ५ | ५ करोड देखि माथी (प्रति लाख) थप रु.५।- | ५।० | |
| **४.८) विभित प्रकारको मल, विउ विजन तथा फलफुल तथा तरकारी बोट विरुवा उत्पादन नर्सरी उद्योग** | | | |

| | | | |
|---|---|---|---|
| १ | १ देखी १० लाख सम्म | १०००।० | |
| २ | १० लाख १ देखी २० लाख सम्म | २०००।० | |
| ३ | २० लाख १ देखी ५० लाख सम्म | ३०००।० | |
| ४ | ५० लाख १ देखि १ करोड सम्म | ४५००।० | |
| ५ | १ करोड १ देखि ५ करोड सम्म | ७५००।० | |
| ६ | ५ करोड देखि माथी (प्रति लाख) थप रु.५।- | ५।० | |
| **४.९) मानव तथा पशु औषधी तथा जडिबुटी प्रशोधन तथा उत्पादन उद्योग** | | | |
| १ | १ देखी १० लाख सम्म | १०००।० | |
| २ | १० लाख १ देखी २० लाख सम्म | १५००।० | |
| ३ | २० लाख १ देखी ५० लाख सम्म | २०००।० | |
| ४ | ५० लाख १ देखि १ करोड सम्म | ५०००।० | |
| ५ | १ करोड १ देखि ५ करोड सम्म | १००००।० | |
| ६ | ५ करोड देखि माथी (प्रति लाख) थप रु.५।- | ५।० | |
| **४.१०) निर्माण तथा सजावटका सामग्रि र धातु उद्योगः** (सिमेण्ट, **निर, रङ्ग,**जस्तापाता, ईट्टा, टायल, पोलिपाइप, बेल्चा, स्ट्रक्चर, मार्बल, सिलिकेट, सिंक सिमेण्ट पोल, ह्ययूमपाईप, फलामे छड, ग्रिल, तार जाली, काठ तथा फलाम र एलुमिनियमका झ्याल, ढोका लगायत,टिनका डब्बा,ड्रम) उत्पादन गर्ने साथै प्लाई उद्योग र काठ मिल, टयूबवेल फ्याँक्ट्री समेतका उद्योग | | | |
| १ | १ देखी १० लाख सम्म | १०००।० | |
| २ | १० लाख १ देखी २० लाख सम्म | २०००।० | |
| ३ | २० लाख १ देखी ५० लाख सम्म | ५०००।० | |
| ४ | ५० लाख १ देखि १ करोड सम्म | १००००।० | |
| ५ | १ करोड १ देखि २ करोड सम्म | १५०००।० | |
| ६ | २ करोड १ देखि ५ करोड सम्म | २००००।० | |
| ७ | ५ करोड १ देखि १० करोड सम्म | २५०००।० | |
| ८ | १० करोड १ देखि २५ करोड सम्म | ३००००।० | |
| ९ | २५ करोड १ देखि ५० करोड सम्म | ३५०००।० | |
| १० | ५० करोड १ देखि १ अरब सम्म | ४००००।० | |
| ११ | १ अरब १ देखि माथि (प्रति लाख) थप रु.५।- | ५।- | |
| **४.११) एल.पि.ग्याँस, खनिज तथा चक, र जिंक उद्योग** | | | |
| १ | १ देखी १० लाख सम्म | ३०००।० | |
| २ | १० लाख १ देखी २५ लाख सम्म | ५०००।० | |
| ३ | २५ लाख १ देखी ५० लाख सम्म | ७०००।० | |
| ४ | ५० लाख १ देखी १ करोड सम्म | १००००।० | |

| | | | |
|---|---|---|---|
| ५ | १ करोड  १ देखि २ करोड सम्म | १५०००।० | |
| ६ | २ करोड १ देखि ५ करोड सम्म | २००००।० | |
| ७ | ५ करोड देखि माथी  (प्रति लाख) थप रु.५।- | ५।० | |
| **४.१२) साबन तथा क्यामिकल उद्योगः** साबन, डिटर्जेण्ट, लुब्रिकेण्ट्स, अखाद्यतेल (आयल) फिनेल तथा अन्न बालिमा प्रयोग गरिने बिभिन्न किटनासक विषादी तथा कार्बोईड, हाइड्रो कार्वन, कथ्था, रसायन, ब्याट्री, कार्वोहाइडेड  उद्योग | | | |
| १ | १ देखी १० लाख सम्म | ३०००।- | |
| २ | १० लाख १ देखी २५ लाख सम्म | ५०००।- | |
| ३ | २५ लाख १ देखी ५० लाख सम्म | ७०००।- | |
| ४ | ५० लाख १ देखी १ करोड सम्म | १००००।- | |
| ५ | १ लाख १ देखि २ करोड सम्म | १५०००।- | |
| ६ | २ करोड १ देखि ५ करोड सम्म | २००००।- | |
| ७ | ५ करोड १ देखि माथी  (प्रति लाख) थप रु.५।- | ५।- | |
| **४.१३)  बिद्युतिय वायर तथा बिद्युतीय सामाग्रि, सौर्य उर्जा उत्पादन** | | | |
| १ | १ देखी ५० लाख सम्म | २०००।- | |
| २ | ५० लाख १ देखी १ करोड सम्म | ५०००।- | |
| ३ | १ करोड १ देखी २ करोड सम्म | ८०००।- | |
| ४ | २ करोड १ देखि ५ करोड सम्म | १००००।- | |
| ५ | ५ करोड देखि १० करोड सम्म | १२०००।- | |
| ६ | १० करोड १ देखि २५ करोड सम्म | १५०००।- | |
| ७ | २५ करोड १ देखि ५० करोड सम्म | २००००।- | |
| ८ | ५० करोड १ देखि १ अरव सम्म | २५०००।- | |
| ९ | १ अरव भन्दा माथि (प्रति लाख) थप रु.५।- | ५।- | |
| **४.१४) प्लाष्टिक उद्योगः**  प्लास्टिकका पाईप, पोलिमर, डोरी, डब्बा, वाल्टीन, भाँडाबर्तन, झोला, टैंकि, ड्रम, कार्पेट, कुर्सि टेबुल, खेलौना तथा सजावटका सामान तथा विभिन्न सामाग्रि | | | |
| १ | १ देखी ५० लाख सम्म | २०००।० | |
| २ | ५० लाख १ देखी १ करोड सम्म | ३०००।० | |
| ३ | १ करोड १ देखी २ करोड सम्म | ६०००।० | |
| ४ | २ करोड १ देखि ५ करोड सम्म | ८०००।- | |
| ५ | ५ करोड देखि १० करोड सम्म | १००००।- | |
| ६ | १० करोड १ देखि २५ करोड सम्म | १५०००।- | |
| ७ | २५ करोड १ देखि ५० करोड सम्म | २००००।- | |
| ८ | ५० करोड १ देखि १ अरव सम्म | २५०००।- | |

| | | | |
|---|---|---|---|
| ९ | १ अरव १ देखि **माथि** (प्रति लाख) थप रु.५।- | ५।- | |
| **४.१५) कपडा तथा जुत्ता चप्पल ( साधारण तथा आधुनिक स्तरका ) उद्योग** | | | |
| १ | १० लाख सम्म | ५०००।- | |
| २ | १० लाख १ देखि २० लाख सम्म | ७५००।- | |
| ३ | २० लाख १ देखि ५० लाख सम्म | १००००।- | |
| ४ | ५० लाख १ देखि १ करोड सम्म | १५०००।- | |
| ५ | १ करोड १ देखि २ करोड सम्म | २००००।- | |
| ६ | २ करोड १ देखि ५ करोड सम्म | २५०००।- | |
| ७ | ५ करोड देखि माथि (प्रति लाख) थप रु.५।- | ५।- | |
| **४.१६ मदिरा तथा सुर्तीजन्य पदर्थ उत्पादन गर्ने उद्योग** | | | तोकिएको दरमा २५% थप समेत लाग्नेछ । |
| १ | ५० लाख सम्म | ५०००।- | |
| २ | ५० लाख १ देखी १ करोड सम्म | १००००।- | |
| ३ | १ करोड १ देखि ५ करोड सम्म | २००००।- | |
| ४ | ५ करोड १ देखि १० करोड सम्म | ३००००।- | |
| ५ | १० करोड १ देखि ५० करोड सम्म | ४००००।- | |
| ४ | ५० करोड १ देखि १ अरव सम्म | ५००००।- | |
| ५ | १ अरव भन्दा माथि (प्रति लाख) थप रु.१०।- | १०।- | |
| **४.१७ जुटमिल तथा प्याकेजिङ** उद्योगः जुटका समाग्री,कोर्गगेसन तथा कार्टुन र प्लाष्टिकका प्याकेजिङ्ग सामाग्रि उत्पादन गर्ने, मिल तथा उद्योग | | | |
| १ | १० लाख सम्म | ३०००।- | |
| २ | १० लाख १ देखी २० लाख सम्म | ४०००।- | |
| ३ | २० लाख १ देखी ५० लाख सम्म | ५०००।- | |
| ४ | ५० लाख १ देखी १ करोड सम्म | १००००।- | |
| ५ | १ करोड १ देखि २ करोड सम्म | १५०००।- | |
| ६ | २ करोड १ देखि ५ करोड सम्म | २००००।- | |
| ७ | ५ करोड देखि **माथि प्रति लाख** थप रु ५।- | ५।- | |
| **४.१८ अन्य उत्पादनमुलक उद्योग** | | | |
| १ | **कृषि कार्य लगायतका अन्य फलामका हाते औजार तथा** | **रु.५००।-** | |
| २ | अर्ध प्रशोधित माल वा खेर गईरहेको माल वा अन्य सामानको प्रयोग र प्रशोधन गरी मालसामान उत्पादन गर्ने व्यवसाय जस्तोः खेर गईरहेको प्लास्टीकबाट सामान निमार्ण गर्ने र फोहोरबाट मल निमार्ण गर्नेको हकमा । | रु.१०००।० | |

**नोट :-**

१. एकै छाना मुनि एक भन्दा बढी उद्योग दर्ता गरी प्रकृति र क्षेत्र फरक फरक भएका एक वा एक भन्दा बढि प्रकारका बस्तुको उत्पादन गर्नेको हकमा सवैको फरक फरक कारोबारका आधारमा मुल्याङ्कन गरिने र कर असुली गरिने छ।

२. उल्लेखित शिर्षक अन्तरगत जुन खण्डको जुन अङ्क बराबरको कारोबार गरेको छ सोहि अङ्कमा निर्धारित खण्ड वा कम संख्यामा उल्लेखित दर लाग्ने छ।

३. छुट सुविधा प्राप्त गर्नकालागि तोकिएको समय सिमा भित्र कर तथा राजश्व बुझाउनु पर्नेछ।

४. नयाँ दर्ता हुने उद्योगहरूलाई पहिलो वर्ष व्यवसाय कर छुट दिइने छ ।

५. बक्यौता व्यवसाय कर पहिलेको व्यवस्था अनुसार असुल गरिनेछ।

६. सुर्तीजन्य र मदिराजन्य उद्योगहरुलाई निरुत्साहित गर्दै व्यवसाय करमा थप २५% शुल्क लिइनेछ।

७. आर्थिक वर्षको अन्त्य सम्ममा व्यवसाय कर भुक्तानी नगरेमा २५% थप शु:ल्क लाग्ने छ। वन्द उद्योगको हकमा व्यवाय कर लाग्ने छैन ।

(४.२) **विभिन्न पसल तथा व्यवसायहरु**

| क्र.सं | व्यवसायको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | किराना पसल | ३०००।- | |
| २ | पुस्तक, स्टेशनरी तथा पत्र-पत्रिका पसल | ३०००।- | |
| ३ | कपडा पसल | ३०००।- | |
| ४ | रेडिमेड कपडा पसल | ३०००।- | |
| ५ | भाडा वर्तन पसल | २०००।- | |
| ६ | जुत्ता चप्पल पसल | २०००।- | |
| ७ | जुत्ता सिलाई पसल | १०००।- | |
| ८ | पान पसलहरु | २०००।- | |
| ९ | श्रृंगार तथा मनीहारी पसल | २०००।- | |
| १० | उपहार (गिफ्ट) का सामान बेच्ने पसल | २०००।- | |
| ११ | सखर (गुड) पसल | २०००।- | |
| १२ | काँटा /गल्ला पसल | २०००।- | |
| १३ | फलफूल पसल | १५००।- | |
| १४ | तरकारी पसल | २०००।- | |
| १५ | अण्डा पसल | २०००।- | |

**४.२.१ डिलर/थोक बिक्रेता/सप्लायर्स**

| | | | |
|---|---|---|---|
| १ | दाल, चामल, खुदी, खरिदबिक्री पसल | ३०००।- | |
| २ | चिउरा भुजा बिक्रि पसल | २०००।- | |
| ३ | पिउने पानी (प्यूरिफायर) बितरण पसल | २०००।- | |
| ४ | अचार पाउँ | २०००।- | |
| ५ | चियापत्ती बिक्री शोरुम | ५०००।- | |
| ६ | कोक, पेप्सी डिलर | ५०००।- | |
| ७ | बिस्कुट तथा चकलेट खुद्रा/ डिलर/ थोक | २०००।- | |
| ८ | तेल, घीउ, आँटा, सुजी, चिनी खुद्रा/ डिलर/थोक | २०००।- | |
| ९ | साल्ट ट्रेडिङ्ग डिलर | २०००।- | |
| १० | कृषि सामाग्री संस्थानको डिलर | २०००।- | |
| ११ | चुरोटको डिलर (प्रति डिलर) | १५०००।- | |

| | | | |
|---|---|---|---|
| १२ | बिडी, चाउचाउ, चीप्स आदिको डिलर | २०००।- | |
| १३ | काँटा /गल्ला पसल थोक | २०००।- | |
| १४ | हल्का पेय पदार्थ तर्फ डिलर | ५०००।- | |
| १५ | मदीरा तर्फ डिलर | १५०००।- | |
| १६ | हल्का पेय पदार्थ तर्फ थोक | २०००।- | |
| १७ | मदीरा तर्फ थोक | ३५००।- | |
| १८ | सप्लायर्स तथा ट्रेडर्सहरु | ५०००।- | |
| १९ | टायर तथा ट्यूब्स डिलर | ५०००।- | |
| २० | मट्टीतेल डिलर | २०००।- | |
| २१ | सुपर मार्केट /सपिङ्गमल | १००००।- | |
| २२ | डिपार्टमेन्टल स्टोर | ७०००।- | |

**४.२.२ होटल/लज तथा खाजा घरहरु हरु**

| | | | |
|---|---|---|---|
| | **(क) तारे होटल** | | |
| १ | एक तारे होटल | १५०००।- | |
| २ | दुई तारे होटल | २५०००।- | |
| ३ | तिन तारे होटल | ५००००।- | |
| ४ | चार तारे होटल | ७५०००।- | |
| ५ | पाँच तारे होटल | १०००००।- | |
| | **(ख) लजहरु** | | |
| १ | पन्ध्र बेड भन्दा माथिलाई | ५०००।- | |
| २ | पन्ध्र बेड सम्मलाई | ४०००।- | |
| ३ | दश बेड सम्मलाई | ३०००।- | |
| ४ | सात बेड सम्मलाई | २०००।- | |
| | **(ग) रेष्टुरेन्ट/वार/ खाजाघर** | | |
| १ | रिसोर्ट | १००००।- | |
| २ | रेष्टूरेन्ट एण्ड वार | १००००।- | |
| ३ | रेष्टूरेण्ट मात्र | ५०००।- | |
| ४ | मदीरा समेत बिक्री गर्ने खाजाघर होटल | ५०००।- | |
| ५ | मदीरा रहित भोजनालय होटल | २०००।- | |
| ६ | साना चिया पसल होटल | १०००।- | |
| ७ | चिया,नास्ता तथा मिठाई पेंडा होटल | २०००।- | |

**४.२.३ औषधी पसलहरु**

| | | | |
|---|---|---|---|
| १ | फार्मेसी पसल | ३५००।- | |
| २ | होमियोप्याथिक/आयुर्वेदिक पसल | ३०००।- | |
| ३ | आँखा क्लिनिक सहितको चश्मा पसल | ३०००।- | |
| ४ | दन्त चिकित्सालय | ५०००।- | |

**४.२.४ स्वास्थ्य सेवाहरु**

| | | | |
|---|---|---|---|
| १ | नर्सिङ्ग होम | ५०००।- | |
| २ | एम.बि.बि.एस. क्लिनिक | ३०००।- | |
| ३ | अ.हे.व., हे.अ., सी.एम.ए., कविराज क्लिनिक सेवा | १५००।- | |

| | | | |
|---|---|---|---|
| ४ | एक्स रे क्लिनिक | २०००।- | |
| ५ | प्रयोगशाला (ल्याव) | २०००।- | |
| ६ | भेटेरीनरी पसल तथा चिकित्सालय | १५००।- | |
| ७ | प्राकृतिक चिकित्सा अक्युपंचर आदी | १५००।- | |
| ८ | मेडिकल कलेज एण्ड रिसर्च सेन्टर | १,००,०००।- | अस्पताल समेत भए थप ५०,०००।- |

### ४.२.५ फर्निचर पसल तथा शो रुम

| | | | |
|---|---|---|---|
| १ | स्टील फर्निचर कारखाना | ७०००।- | |
| २ | स्टील फर्निचर डिलर सहितको शोरुम | ५०००।- | |
| ३ | स्टील फर्निचर पसल | २०००।- | |
| ४ | काठको फर्निचर कारखाना / स-मिल | ५०००।- | |
| ५ | काठका फर्निचर पसल शोरुम सहित | २०००।- | |
| ६ | बेतबाँस फर्निचर कारखाना | ३०००।- | |

### ४.२.६ अन्य व्यापार / व्यवसाय

| | | | |
|---|---|---|---|
| १ | फोटो स्टुडियो | २०००।- | |
| २ | कलर ल्याव | १००००।- | |
| ३ | ड्राई क्लिनर्स (कपडा धुलाई तथा रंगाई) | २०००।- | |
| ४ | **सुन चाँदी पसल** | | |
| | (क) सुन चाँदी खरिद बिक्री थोक सहित गहना बनाउने | ५०००।- | |
| | (ख)सुन चाँदी गहना मात्र बनाउने | २०००।- | |
| ५ | पशुपंक्षी आहार (दाना) बिक्री पसल | २०००।- | |
| ६ | सैलुन तथा व्यूटीपार्लर | २०००।- | |
| ७ | केवल नेटवर्क / डिसहोम | २०००।- | |
| ८ | सिलाई मेशीन बिक्री पसल | २०००।- | |
| ९ | टेलरिङ्ग पसल | २०००।- | |
| ११ | दुध बिक्रि वितरण पसल | १०००।- | |
| १३ | साईन बोर्ड/होर्डिङ्ग बोर्ड/तुल व्यानर/ल्फेक्स बनाउने र आर्ट गर्ने | ५००।- | |
| १४ | इलेक्ट्रोनिक सामान तथा पार्टपूर्जा बिक्री | २०००।- | |
| १५ | कम्प्युटर/टिभी/फोटोकपी/मोवायल/एम्प्लिफायर बिक्रेता पसल | ५०००।- | |
| १६ | फोटोकपी, कम्प्यूटर, फ्याक्स, पंखा, मर्मत | १०००।- | |
| १७ | फोटोकपी, कम्प्यूटरप्रिन्ट, फयाक्स, लेमिनेशन | १०००।- | |
| १८ | निजी नर्सरी | १०००।- | |
| १९ | घडी, रेडिया (क) बिक्री<br>(ख) मर्मत | २०००।-<br>१०००।- | |
| २० | शीसाका सामान बेच्ने ग्लास हाउस | २०००।- | |
| २१ | पेट्रोल, डिजल पम्पहरु | १००००।- | |
| २२ | हार्डवेयर, सिमेन्ट बिक्री पसल | ५०००।- | |
| २३ | बिजुलीका सामाग्री बिक्री पसल | २०००।- | |

| | | | |
|---|---|---|---|
| २४ | रंगरोगन बिक्रि  पसल | २०००।- | |
| २५ | मील मेशिनरी तथा मोटर पार्टस पसल | ५०००।- | |
| २६ | साइकल तथा पार्टस बिक्री पसल | १५००।- | |
| २७ | एल.पि.ग्याँस बिक्री गर्ने पसल | १५००।- | |
| ३८ | अडियो भिडियो क्यासेट बिक्री तथा भाडा | ५००।- | |
| २९ | सिनेमा हल/थियटर | १५०००।- | |
| ३० | ब्रास-बैण्ड पार्टी | २०००।- | |
| ३१ | क्याटरिङ्ग/टेन्ट हाउस | २५००।- | |
| ३२ | फलामको ग्रील, झ्याल-ढोकाबनाउने वेल्डिङ्ग पसल | ३०००।- | एउटै पसलमा स्टील फर्निचर र ग्रील बनाउने भए दुबैको वार्षिक व्यवसाय कर लाग्ने छ। |
| ३३ | चार चक्के सवारी साधन तथा ट्याक्टर मर्मत ग्यारेज | ७०००।- | |
| ३४ | टायर रिसोलिङ्ग | ५०००।- | |
| ३५ | २ र ३ चक्के सवारी साधन मर्मत | ३०००।- | |
| ३६ | सवारी साधनको व्याट्री चार्ज तथा मर्मत गर्ने | २०००।- | |
| ३९ | सवारी साधनको सीटहुट आदी मर्मत गर्ने | २०००।- | |
| ४० | पुरानो टायर बिक्री तथा हावा भर्ने | २०००।- | |
| ४१ | रिक्सा, साइकल मर्मत गर्ने | १५००।- | |
| ४२ | सिलाई मेशिन, ग्यँास चुल्हो, स्टोभ मर्मत पसल | १०००।- | |
| ४३ | लोहोरो सिलौटो बनाउने पसल | १०००।- | |
| ४४ | मेला कार्यक्रम (प्रति दिन) | ५००।- | |
| ४५ | **निजी बित्तिय संस्थाहरु** | | |
| | (क) आर्थिक कारोवार गर्ने बैंक तथा बित्तिय कम्पनी | ५०००।- | |
| | (ख) सहकारी बैंक तथा सहकारी संस्था | १०००।- | |
| | (ग) बीमा कम्पनी | ५०००।- | |
| | (घ) कमिशन एजेन्ट | १५००।- | |
| | (ङ) जग्गा खरिद बिक्री | ५०००।- | |
| | (च) ढुवानी/कुरियर सेवा | २५००।- | |
| | (छ) मनी ट्रान्सफर | १५००।- | |
| | (ज) बिज्ञापन एजेन्सी | २०००।- | |
| | (झ) ट्राभल एजेन्सी | २०००।- | |
| ४६ | **निजी विद्यालय तथा प्रशिक्षण संस्था** | | |
| | (क) क्याम्पस स्नातक तह वा सो भन्दा माथि | १००००।- | |
| | (ख) मा.वि. | ७०००।- | |
| | (ग) आधारभूत विद्यालय | ५०००।- | |
| | (छ) व्यवसायिक प्रशिक्षण केन्द्र | ५०००।- | |
| | (ज) प्राविधिक शिक्षण संस्था | ५०००।- | |
| | (झ)कम्प्युटर टाईपिंग तथा भाषा प्रशिक्षण संस्था | ३०००।- | |
| ४७ | **निर्माण व्यवसाय :** "घ"श्रेणी मात्र | ५०००।- | |
| ४८ | कन्सल्टेन्सी घर नक्सा निर्माण / अन्य परामर्श सेवा | ४०००।- | |
| ४९ | कानून व्यवसायी | | |
| | (क) बरिष्ठ अधिवक्ता | ५००।- | |
| | (ख) अधिवक्ता | ४००।- | |

| | | | |
|---|---|---|---|
| | (ग) अभिवक्ता /अभिकर्ता/ लेखापढी व्यवसाय | ३५०।- | |
| ५० | कवाडी संकलन तथा बिक्री केन्द्र | ५०००।- | |
| ५१ | एग्रोभेट, कृषि मल, बीउ, कृषि औजार तथा कीटनासक औषधी पसल | २०००।- | |
| ५२ | काठ डिपो विक्रि केन्द्र | १००००।- | |
| ५३ | स्वदेशी रोजगार सेवा | १००००।- | |
| ५४ | बैदेशिक रोजगार सेवा | २५०००।- | |
| ५५ | पशु  पालन फार्म व्यवसाय | २०००।- | |
| ५६ | **सवारी साधनहरुको  शोरुम तथा बिक्री कक्ष** | | |
| | (क) साईकल/रिक्सा | ३०००।- | |
| | (ख) मोटरसाईकल, स्कुटर | १५०००।- | |
| | (ग) अटो,टेम्पो र सफा टेम्पो सिटि सफारी | १००००।- | |
| | (घ) बस, ट्रक,ट्रिपर, कार, जीप, भ्यान, ट्रयाक्टर | ३००००।- | |
| ५७ | कफी हाउस/जलपान गृह | २०००।- | |
| ५८ | कपडामा बुट्टा भरी बिक्री गर्ने बुटिक | १०००।- | |
| ५९ | मार्वल तथा टायलस र सेनिटरी फिटिङ्ग | ५०००।- | |
| ६० | टि.भि/एफ.एम. रेडियो प्रशारण (१ कि.वा.) | ५०००।- | |
| ६१ | साईवर क्याफे | २०००।- | |
| ६२ | शीत भण्डार तरकारी र फलफूल | १५०००।- | |
| ६३ | मासु फ्रेस हाउस/ बिक्री गर्ने पसल | २०००।- | |
| ६४ | अस्फाल्ट निर्माण,अलकत्रा,ढुँगा,गिट्टी,बालुवा, माटो, ईटा आदीको सप्लाई/ढुवानी व्यबसाय (थोक एंव खुद्रा) | ५०००।- | |

**नोट :-**

१. चालु व्यवसायको हकमा माथी उल्लेखित दररेट तथा वन्द व्यवसायको हकमा यस आर्थिक वर्ष भित्र वन्द गरेको सुचना दिएको हकमा माथि उल्लेखित दरमा ५०% लाग्ने छ ।

२. अर्थिक वर्षको अन्त्य सम्ममा व्यवसाय कर भुक्तानी नगरेमा २५% थप लाग्ने छ ।

३. यसमा नपरेका नयाँ किसिमका पेशा र व्यवसायको प्रकृति हेरी गाउँपालिकाबाट कर निर्धारण गरी लगाईने ।

४. कुनै किसिमबाट फरक फरक दस्तुर भएका तर समान अर्थ बुझिई शीर्षक बाझिन गएमा बढी दस्तुर भएको शीर्षकलाई मान्यता दिई सोही अनुसार कर लिईने छ ।

५. गाउँपालिका क्षेत्रमा व्यवसाय संचालन गर्नेले व्यवसाय सुरु गर्नुभन्दा पूर्व वा बढीमा ३५ दिन भित्र व्यवसायिक कर प्रमाण-पत्र अनिवार्य रुपमा लिनु पर्ने छ । अन्यथा प्रचलित ऐन, कानून वमोजिम जरीवाना लाग्नेछ ।

६. हकवालाको नाममा व्यवसाय कर प्रमाण-पत्र नामसारी गर्दा रु.२००।- दस्तुर लिइने छ ।

७. व्यवसाय प्रमाण-पत्रको लगतकट्टा गर्दा चालु आ.ब. सम्मको कर चुक्ता गर्नुपर्ने तथा लगतकट्टा वापत रु.२००।- दस्तुर लिइनेछ

८. प्रत्येक व्यवसायीहरुले प्रत्येक आ.ब.को पौष मसान्त भित्र व्यवसायिक कर बुझाई सक्नु पर्नेछ । प्रमाण-पत्रको नविकरण असार मसान्त भित्र गर्नुपर्ने छ ।

९. गाउँपालिकाले वस्तु तथा सेवा खरिद गर्ने प्रयोजनकोलागि व्यवसाय सूचिकृत गर्दा प्रति व्यवसाय  रु.५००।- शुःल्क लाग्ने छ

१०. सुर्तीजन्य पदार्थको र मदिराजन्य कारोवारलाई निरुत्साहित नियन्त्रण गर्दै व्यवसाय करमा थप २५% शुल्क लिइनेछ ।

## अनुसुची ५
## (जडिवुटी, कवाडी र जीव जन्तु शुःल्क)

| सि.नं | विवरण | इकाई | दर रु |
|---|---|---|---|
| (क) | **जडिवुटी शुःल्क :** | | - |

| | | | |
|---|---|---|---|
| (ख) | **जीव जन्तु शुःल्क :** | | |
| १ | मृत जनावर (प्रचलित कानुनले निषेध नगरेका) | प्रति थान | २०००।- |
| २ | मृत पंक्षि (प्रचलित कानुनले निषेध नगरेका) | प्रति थान | ५००।- |
| ३ | ऊन,प्वाँख | प्रति के.जि. | ५।- |
| ४ | मृतक पशुको हाड, छाला निकासी (प्रचलित कानुनले निषेध नगरेका) | प्रति गोटा | १०।- |
| (ग) **उद्योगबाट निस्कने वेस्टेज पदार्थ तथा कवाडी सामान निकासी शुःल्क :** | | | |
| १ | कागज तथा कार्टुन जन्य पदार्थहरु | प्रति के.जि. | रु.१।- |
| २ | जे जस्तो अवस्थामा छ पुनः सोहि रुपमा प्रयोग गर्न सकिने वस्तु | | |
| | (क) खालि सिसि (बयर) हल्का पेयपदार्थ बाहेक | प्रति गोटा | ०।२५ |
| | (ख) खालि सिसि (५०० एम.एल भन्दा माथी) | प्रति गोटा | ०।२५ |
| | (ग) खालि सिसि (५०० एम.एल भन्दा तल) | प्रति गोटा | ०।१० |
| | (घ) प्लास्टिक बोतल,भाडाकुडा,पुराना जुत्ता चप्पल र ग्यालेन | प्रति गोटा | ०।५० |
| ३. | खालि बोरा | | |
| | (क) जुटको बोरा १०० के.जी.क्षमता | प्रति गोटा | ०।२५ |
| | (ख) जुटको बोरा ५० के.जी.क्षमता | प्रति गोटा | ०।०५ |
| | (ग) प्लास्टिकाको बोरा ५० के.जी.क्षमता | प्रति गोटा | ०।०५ |
| ४. | तेलको टिन | | |
| | (क) १० लि. भन्दा बढी क्षमताको | प्रति गोटा | १।०० |
| | (ख) १० लि. भन्दा कम क्षमताको | प्रति गोटा | ०।५० |
| ५. | पुनः प्रशोधन गरी प्रयोग गर्न सकिने | | |
| | (क) झिण्डु (प्राकृतिक र कृतिम उनका टुक्रा) | प्रति के.जि. | १।०० |
| | (ख) गर्मेन्टका कपडाका टुक्रा | प्रति के.जि. | १।०० |
| | (ग) जलेको मविल | प्रति लि. | ०।५० |
| | (घ) जुट र प्लास्टिकका बोरा फाटेका | प्रति के.जि. | ०।१० |
| | (ङ) प्लास्टिकका टुक्रा | प्रति के.जि. | १।०० |
| | (च) पुराना टायर ट्युब | प्रति के.जि. | १।०० |
| | (छ) थोत्रो टिन | प्रति के.जि. | ०।५० |
| | (ज) पुरानो ड्रम | प्रति के.जि. | ०।५० |
| ६. | धातुका कवाडी सामान : | | |
| | (क) फलाम जन्य सामान ताथा टुक्रा | प्रति के.जि. | १।०० |
| | (ख) अन्य धातुहरु :- पित्तल,तामा,जिंक आदिका सामान तथा टुक्रा | प्रति के.जि. | १।०० |
| | (ग) बिग्रिएर काम नलाग्ने मेशिनरी औजार तथा पार्ट पुर्जाहरु | प्रति के.जि. | १।०० |
| ७. | अन्यः | | |
| | (क) पोलेथिन पाइपका टुक्राहरु | प्रति के.जि. | १।०० |
| | (ख) सिसा (लिड)का धुलो र टुक्राहरु | प्रति के.जि. | १।०० |
| | (ग) काँचको धुलो र टुक्राहरु | प्रति के.जि. | १।०० |
| | (घ) मिनिरल वाटरका बोतलहरु | प्रति के.जि. | ०।१० |

## अनुसुची ६
### पार्किङ्ग /पूर्वाधार उपयोग शुःल्क

**(६.१) गाउँपालिकाले देहायका भाडाका तथा निजी सवारी साधनमा देहाय वमोजिम सडक मर्मत तथा पूर्वाधार उपयोग शुःल्क लिने छ ।**

**(क) स्वदेशि**

| क.सं. | सवारीको किसिम | शुःल्क मु.अ.कर बाहेक |
|---|---|---|
| १ | निजी तथा भाडाका बस,ट्रक,टंयाङ्कर,लहरी,डोजर,जेसिबि,स्क्याभेटर लगायत हेभी तथा ढुवानी सअथै निमाण कार्यका सवारी साधनहरु | ६०।- |
| २. | निजि तथा भाडाका मिनी बस , मिनी ट्रक मध्यमस्तरका सवारी तथा ढुवानीका साधन | ५०।- |
| ३. | भाडा कार,जीप, भ्यान | ४०।- |
| ४. | नीजि तथा कार,जीप, भ्यान | ३०।- |

**(ख) विदेशि**

| | | |
|---|---|---|
| १ | ठुला सवारी साधन | २५०।- |
| २ | मझौला र साना सवारी साधन | १५०।- |

**नोट :-सरकारी निकाय,सामाजिक संघ संस्था,कुटनीतिक नियोगका सवारी साधन र एम्बुलेन्सहरुलाई यस्तो शुःल्क लाग्ने छैन ।**

**(६.२) सबारी तथा सञ्चालन ईजाजत दस्तुर** :

गाउँपालिका क्षेत्रमा ठेला, सिटि रिक्सा,रिक्सा, टाँगा आदी दर्ता गरी नम्बर दिए वापत रु.५०।- लाग्ने छ । साथै सवारी ऐन अनुसार लाग्ने अन्य कर तथा शुःल्कहरु पनि वार्षिक रुपमा लाग्ने छ ।

## अनुसुची ७
### (विज्ञापन कर)

| सि.नं | विवरण | प्रति स्क्वायर फिट/गोटा | कै. |
|---|---|---|---|
| १ | व्यावसायिक विज्ञापन तथा होडिङ वोर्ड | ५० | |
| २ | तुल, व्यानर र फ्ल्याक्स टांगेको | १०० | |

**नोट : सन्देशमुलक तथा सामाजिक सेवाभावका विज्ञापन तथा होर्डिङ वोर्ड हरुमा कर लाग्ने छैन ।**

## अनुसुची ८
### (मनोरजंन कर)

| सि.नं. | विवरण | दर रकम |
|---|---|---|
| १. | सिनेमा हल, भिडियो हल, थिएटर तथा नाचघर प्रदर्शनमा | ५% |
| २. | ब्यबसायिक भिडियो उत्पादनमा (प्रति भिडियो) | ५००।- |

## अनुसुची ९
### (वहाल विटौरी तथा हटिया शुल्क)

**(९.१) वहाल विटौरी : गाउँपालिकाले आफ्नो जग्जामा निर्माण गरेको घर, टहरा, सटर वा सो सरह अन्य प्रकृतिको घर वा जग्गा भए**

**(क) घर /गोदाम तर्फ**

१ .पक्की सटर प्रति वर्गफिट रु.२०।- देखि रु.५०।- सम्म

२. कच्ची सटर प्रति वर्गफिट रु.५।- देखि रु.२०।- सम्म

३. टिनको छानो भएको घर प्रति घर रु.१०००।–

(ख) **जग्गा तर्फः** १. विटौरी जग्गा (प्रति प्लटको)रु. १००।००

२. विटौरी जग्गा दा.खा.दस्तुर रु. ५००।००

**(९.२) हटिया तथा गुद्रिमा हाटबजार पूर्वाधार निर्माण शुल्क निम्न दरहरु कायम गरिएको छ ।**

| सि.नं. | बिवरण | दर | सि.नं | बिवरण | दर |
|---|---|---|---|---|---|
| १ | क श्रेणीको च्युरा चामल बट्टीदार पसल १ मा | १५।- | २ | ख श्रेणीको च्युरा चामल बट्टीदार पसल १ मा | १०।- |
| ३ | ग श्रेणीको च्युरा चामल बट्टीदार पसल १ मा | ८।- | ४ | नून मात्र बेच्ने पसलमा | १०।- |
| ५ | सिलाई मेसिन प्रति पसल एक मेसिनमा | १०।- | ६ | सावे डोरी बेच्ने पसल एकमा | १०।- |
| ७ | चुना हाडी, छाछीमा | ५।- | ८ | दाउरा बैल गाडीमा | २५।- |
| ९ | दाउरा थोक राखी बेच्नेपसल | २५।- | १० | दाउरा भार एकमा | १०।- |
| ११ | दाउरा एक बोझामा | ५।- | १२ | बाँस प्रति गोटा | ५।- |
| १३ | पहाडी बाँस प्रति बोझ एकमा | १०।- | १४ | खर एक बोझा | ५।- |
| १५ | खर प्रति गाडी एकमा | २५।- | १६ | पिठो मात्र पसल | १०।- |
| १७ | खाजा नास्ता पसल एकमा | १५।- | १८ | सखर गुड बेच्ने पसल | १०। |
| १९ | खाजा नास्ता पसल ढाकीमा | १०।- | २० | दवाई जडिबुटि बेच्ने | २०।- |
| २१ | पान थोक खुद्रा बिक्री गर्ने पसल | १५।- | २२ | खुर्पी, हसीया मात्र बेच्नेलाई | १०।- |
| २३ | दही भारवाला पसलमा | ७।- | २४ | खैनी, सुर्ति, पिनि, कंकड प्रति पसल | १०।- |
| २५ | खुर्पी, हसुवा, चक्कु आदी फलामे पसल | ५०।- | २६ | पटेर, परालको पटिया थोक | २०।- |
| २७ | झाडु, कुचो, खररा पंति पसल | १०।- | २८ | खेलौना पसल | १०।- |
| २९ | पटेर, परालको गुन्द्री (पटिया) प्रति गोटा | ५।- | ३० | घिउ टिनको विक्री गर्ने पसलमा | १५।- |
| ३१ | नाङ्लो सुप प्रति पसल | १०।- | ३२ | घिउ खुद्रा बेच्ने | १०।- |
| ३३ | बिरुवा बेच्ने प्रति पसल | २०।- | ३४ | कम्बल, राडी पसल | १०।- |
| ३५ | फाटा कम्पनीको कपडा बेच्ने | २५।- | ३६ | सब्जी चट्टिदार पसल छानाछाप्रोमा | २५।- |
| ३७ | कपडा मिश्रित रेडिमेड पसल | २५।- | ३८ | मट्टितेल, खानेतेल खुद्रा बेच्ने | १०।- |
| ३९ | सब्जी गोरु गाडी पसल एकमा | २५।- | ४० | आलु सानो ढाकीमा बेच्ने | ५।- |
| ४१ | बिउबिजन बेच्ने प्रंति पसल | १५।- | ४२ | मसला पसल | १०।- |
| ४३ | आलु बोरा प्रति पसल | २५।- | ४४ | माटोको भाडा पसल | १०।- |
| ४५ | किराना सामान बेच्ने छानाछाप्रो भुई समेतमा | १५।- | ४६ | बिस्कुट, चकलेट आइसक्रिम | १०।- |
| ४७ | मनिहारी पसल | २५।- | ४८ | बेल्ना, चक्ला आदी बेच्ने | १०।- |
| ४९ | चुडी, लहठी समेतको पसल | १५।- | ५० | टोकरी, ढाकी, छिटा बेच्ने प्रति | १०।- |
| ५१ | तेजपात प्रति भार | १५।- | ५२ | अल्मुनियम,टिना, पित्तलको भाडा | २५।- |
| ५३ | सनपाटको डोरी, सिक बेच्ने पसल | १०।- | ५४ | दाह्री कपाल काट्ने हजाम प्रति | १०।- |
| ५५ | अत्तर, तेल, दवाई, साबुन आदी | १०।- | ५६ | छाता मर्मत गर्ने पसल | ५।- |

| | | | | | |
|---|---|---|---|---|---|
| ५७ | पुस्तक बेच्ने प्रति पसल | १०।- | ५८ | जुत्ता मर्मत गर्ने पसल | ५।- |
| ५९ | चटकी खेल तमासा | २०।- | ६० | पिठो मात्र बेच्ने | ५।- |
| ६१ | **सुन्तला, कटहर, केरा जामुन, नासपाती, आँप**<br>गाडी एकमा बेच्ने<br>बोरा एकमा बेच्ने<br>भार एकमा बेच्ने<br>डोको एकमा बेच्ने<br>ढाकी एकमा बेच्ने | <br>२५।-<br>१०।-<br>१०।-<br>१०।-<br>५।- | ६२ | **माछा, मासु समेतको पसलमा**<br>सबै किसिमको माछा ठुलो प्रति पसल<br>माछा सानो सबै किसिमको ,,<br>खसि, बोका पसल एकको<br>सुगुर, बंगुर प्रति गोटा<br>राँगा (भैसी) को<br>हाँस, कुखुरा प्रति गोटाको हिसावले बेच्ने<br>परेवा प्रति जोडा | <br>२०।-<br>२५।-<br>३०।-<br>५००।-<br>१००।-<br><br>१०।-<br>१०।- |
| ६३ | सुकेको खुर्सानी प्रति बोरा, भारमा | १०।- | ६४ | टर्च, छाता र ताला आदी मर्मत गर्ने | ५।- |

**नोटः- मालवाहक हलुका तथा हेभी सवारी साधन हटिया भित्र पस्न मनाही गरिएको छ अन्यथा जरिवाना वापत रु.३००।- लाग्ने छ।**

## अनुसुची १०
## (फोहोर मैला संकलन सेवा शुःल्क)

सम्पत्ति तथा व्यवसाय करमा निम्न वमोजिम बार्षिक रुपमा थप गरि फोहोर मैला संकलन सेवा शुल्क एकमुष्ठ लगाइने र असूल उपर गरिनेछ ।

| क.स. | प्रकार | लाग्ने शुल्क | कैफियत |
|---|---|---|---|
| १ | उद्योग तथा व्यवसायी तर्फको सम्पत्ति करमा थप | १५ प्रतिशत | |
| २ | व्यक्तिगत तर्फको सम्पत्ति करमा थप | १७ प्रतिशत | |
| ३ | व्यवसाय करमा थप | १० प्रतिशत | |

**नोट :**

(१) नेपाल सरकारको स्वामित्वमा रहेको कुनै पनि कार्यालय वा संस्थाहरुको हकमा यो सेवा शुल्क लागु हुने छैन ।

(२) कृषि तथा पशु फार्म व्यवसायहरुको हकमा यो सेवा शुल्क लागु हुने छैन ।

(३) यो सेवा शुल्क गाउँपालिकाले निर्णय गरि फोहोर मैला संकलन तथा व्यवस्थान गर्न सुरु गरे पश्चात तत्काल लागु हुने छ ।

## अनुसुची ११
## (सेवा शुःल्क तथा दस्तुरहरु )

**(११.१) सरसफाई शुल्क :** ग्रामिण तथा बजार क्षेत्रको सरसफाईको लागि सरसफाई तथा फोहरमैला व्यबस्थापन ऐन तथा प्रचलित ऐन,कानुन वमोजिम सरसफाई शुल्क निर्धारण गर्न गा.पा.लाईं अधिकार प्रत्यायोजन गरिएको ।

**(क) शौचालय शुल्कः-**

| | |
|---|---|
| सार्वजनिक शौचालयमा प्रयोग गर्दा दिशा गरेको | रु. १०।- |
| ,, ,, पिसाब गरेको | रु. ५।- |

**(११.२) कान्जी हाउस दस्तुरः :-** प्रत्येक दिनको रु.२५०।-गाउँपालिकाको कान्जी हाउसमा दाखिला हुन आउने पशुहरुको कान्जी हाउससम्म समातेर ल्याएको दिन देखि दस्तुर लिइने छ । छाडा पशुहरु पक्राउ गरी कान्जी हाउसमा दाखिला गर्ने

व्यक्ति वा कार्यालयका कर्मचारी वा प्रहरी जवानहरुलाई पहिलो दिन लाग्ने रकमको ५०% पुरस्कार दिइनेछ। कान्जी हाउसमा रहेका पशुहरु पशु धनीले ७ दिन सम्म लिन नआएमा गाउँपालिकाले लिलाम गर्ने छ।

**(११.३) <u>सिफारिस अन्य तथा प्रमाणित दस्तुर :</u>**

| क्र.सं. | बिवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | मोही नामसारी सिफारिस दस्तुर | ३००।- | एक कठ्ठा भन्दामाथि भए प्रति कठ्ठा थप रु.२५ लाग्नेछ |
| २ | नागरिकता प्रमाणपत्र तथा प्रतिलिपीको सिफारिस | १५०।- | |
| ३ | सर्जमिन गरी गरिने नागरिकता सिफारिस | ६५०।- | |
| ४ | अंगिकृत नागरिकताको सिफारिस | १५०।- | |
| ५ | जग्गा नामसारी सिफारिस | ३००।- | एक कठ्ठा भन्दामाथि भए प्रति कठ्ठा थप रु.२५।- लाग्नेछ |
| ६ | नाता प्रमाणित दस्तुर | ३००।- | |
| ७ | चरित्र प्रमाणित सिफारिस | १५०।- | |
| ८ | नाम, उमेर ठेगाना आदि सच्याउने सिफारिस | १५०।- | |
| ९ | बसोवास प्रमाणित | १५०।- | |
| १० | घर प्रमाणित पक्की घरको | ३००।- | |
| ११ | घर प्रमाणित कच्ची घरको | १५०।- | |
| १२ | विवाह प्रमाणित | १५०।- | |
| १३ | टेलिफोन जडान सिफारिस | १५०।- | |
| १४ | विद्युत जडान सिफारिस | १५०।- | |
| १५ | संस्था दर्ता सिफारिस | १०००।- | |
| १६ | सिनेमा हल खोल्न स्वीकृति | १००००।- | |
| १७ | मोही लगत कट्टाको सिफारिस | ३००।- | एक कठ्ठा माथि प्रतिकठ्ठा थप ५०।- |
| १८ | सहुलियत काठको सिफारिस | ५००।- | |
| १९ | नम्बरी जग्गाको रुख काटने प्रति गोटा सिफारिस | १५०।- | |
| २० | घरसारी गरी पाउँ भन्ने सिफारिस | १०००।- | |
| २१ | पेन्सन-पट्टा सिफारिस | १५०।- | अन्य देशको रु.३००।- |
| २२ | सर्जमिन गरी जुनसुकै सिफारिस | ६५०।- | |
| २३ | अपुताली सिफारिस | | |
| | (क) नेपालीको लागि | १०००।- | |
| | (ख) विदेशीको लागि | २०००।- | |
| २६ | चार किल्ला प्रमाणित | २६०।- | जोडिएको कित्ता बाहेक थप प्रति कित्तामा रु.१००।- थप दस्तुर लाग्ने छ। |
| २७ | जग्गा मुल्याङ्कन घर समेत सिफारिस | | |
| | (क) रु. ५०,०००।- सम्मको | ३००।- | |
| | (ख) रु. ५०,०००।- भन्दा माथि रु. १०००००।- सम्मलाई | ५००।- | सो भन्दा माथी भए प्रति एक लाखमा रु १००।- थप लाग्ने छ। |
| २८ | मेला सर्कस अनुमति सिफारिस | २५,०००।- | |
| २९ | स्टल राखी संचालन गरिने सिफारिस | १५००।- | |

| | | | |
|---|---|---|---|
| ३० | (क) घरेलु उद्योग (सर्जमिन र सिफारीस सहित) २५ एच.पि.माथि | १००००।- | |
| | (ख) घरेलु उद्योग (सर्जमिन र सिफारीस सहित) २५ एच.पि.मुनी | ५०००।- | |
| ३१ | कृषि तथा पशुजन्य घरेलु उद्योग (सर्जमिन र सिफारीस सहित) | २०००।- | |
| ३२ | उद्योग तथा कारखाना दर्ता/ठाउँसारी/क्षमता बृद्धि (सर्जमिन र सिफारीस सहित)<br>(क)ठुला<br>(ख)मझौला<br>(ग)साना | <br><br>२५०००।-<br>१६०००।-<br>१००००।- | |
| ३३ | खानेपानी जडान सिफारिस | १५०।- | |
| ३४ | उद्योग व्यवसाय बन्द गर्ने सिफारिस | २००।- | |
| ३६ | निजी विद्यालय दर्ता सिफारिस निम्नानुसार दस्तुर लिने | | |
| | (क) आधारभूत | ५०००।- | |
| | (ख) मा.बि. | ७५००।- | |
| | (ग) क्याम्पस | १५०००।- | |
| | (घ) विद्यालय स्तर बृद्धि गर्दा कक्षा मात्र थप (अपग्रेड) सिफारिस | १०००।- | |
| | (ङ) प्राविधिक शिक्षण संस्था सिफारिस | ३०००।- | |
| | (च) पुर्व प्रा.वि.को स्वीकृती दस्तुर | २०००।- | |
| | (छ) विवरण सच्याउने तथा परिक्षा फारम दर्ता प्रति विद्यार्थी | २५०।- | |
| ३७ | मालपोत तथा नापी कार्यालयको लागि गरिने सिफारिस (माथी कुनै शिर्षकमा नपरेकाको लागी) | ५००।- | |
| ३८ | ज.ध. प्रमाण पुर्जा को लागी सिफारीस | १५०।- | |
| ३९ | घर बाटो कायमको सिफारीस मालपोत मुल्यांकनको | ०।१०% | न्यूनतम २६०।- भन्दा कम हुने छैन। |
| ४० | निर्माण सामाग्री डिलर सिप सिफारिस | १०००।- | |
| ४१ | अन्य डिलरसीप सिफारिस | १०००।- | |
| ४२ | बैनाबट्टा र कपालि तमासुक तथा अन्य लिखत प्रमाणीत | ५००।- | |
| ४३ | राहदानी सिफारीस दस्तुर | २६०।- | |
| ४४ | कर कार्यालयमा : (क) पान नं./ भ्याट नं. सिफारिस | ५००।- | |
| ४५ | अंशवण्डा प्रयोजन खुलाई गरिने सिफारीस | १५००।- | |
| ४६ | व्यक्तिगत घटना दर्ता पञ्जीकरण विलम्ब शुल्क | २००।- | |
| ४७ | आयश्रोत प्रमाणित दस्तुर रु. १,००,०००।- सम्मको | २६०। | सो भन्दा माथी भए प्रति एक लाखमा रु ५०।- थप लाग्ने छ। |

**न्यायीक दस्तुर**

| | | | |
|---|---|---|---|
| १ | उजुरी तथा प्रति उत्तर दर्ता दस्तुर | १००।- | |
| २ | मिलापत्र शु:ल्क | ५००।- | |

**नोट :**

(१) यसमा नपरेका अन्य प्रकृतिका सिफारीसको दस्तुर रु. २६०।- लिईने छ र सर्जमिन गर्नुपरेमा थप शुल्क रु.५००।–लाग्ने छ।

(२) आगलागी, पशुजन्य आतंक वा दैवी प्रकोपको सिफारीसमा लाग्ने सिफारीस दस्तरु छुट दिईने छ।

(३) सिकिस्त विरामीको लागी गरिने सिफारीसमा लाग्ने सिफारीस दस्तुर छुट दिईने छ ।

(४) रातो कार्ड (अपांगको हकमा) वाहकहरुको र ७५ वर्ष माथिका जेष्ठ नागरिकहरुको हकमा (घर नक्शापास दस्तुर वाहेक) अन्य सवै दस्तुर तथा शुल्क शत प्रतिशत छुट हुने छ ।

(५) कृषि तथा पशुपंछी विमा सम्वन्धी सिफारीसमा लाग्ने सिफारीस दस्तुर छुट दिईने छ ।

**(११.४) नक्कल तथा प्रतिलिपि दस्तुर**

गाउँपालिकाबाट नक्कल प्रमाणित गर्दा देहाय बमोजिमको नक्कल दस्तुर लिइनेछ ।

(क) नक्सापास सम्बन्धि प्रमाणपत्रको प्रतिलिपी रु. १५०।-

(ख) घरको नक्साको प्रतिलिपीद प्रतिपाना रु. ५०।-

(ग) व्यवसाय कर प्रमाण पत्रको प्रतिलिपी रु. १५०।-

(घ) अन्य प्रमाणका प्रतिलिपी रु. १५०।-

(ङ) प्रमाणपत्र वाहेक अन्य कागजको प्रति पाना रु. १०।-

(च) व्यक्तिगत घटना दर्ताको प्रतिलिपीको लागी प्रति प्रमाण पत्र रु. ५००।–

**(११.५) घर नक्सा पास दस्तुर : प्रचलित ऐन, कानुन वमोजिम घर टहरा ग्यारेज कम्पाउण्डवाल निर्माण कार्यको नक्शापास गर्दा देहाय अनुसार दस्तुर लिईने छ ।**

**(क) व्यक्तिगत तर्फ :-**

| | | | |
|---|---|---|---|
| १ | घर नक्सा किताब | ५००।- | कैफियत |
| २ | व्यक्तिगत तर्फ - पक्का ईटा वा ढुङ्गामा फ्रेम स्ट्रक्चर/छत ढलान भएको घरको | | |
| | क. १००० वर्गफीट सम्मको प्रति वर्गफीट | रु.५।- | |
| | ख. २००० वर्गफीट वर्गफीट सम्मको प्रति वर्गफीट | रु.६।- | |
| | ग. २००० वर्गफीट भन्दा माथि प्रति वर्गफीट | रु.७।- | |
| ३ | व्यक्तिगत तर्फ - पक्का ईटा वा ढुङ्गा गाह्रोमा जस्ता/टिन, टायल वा खरको छानो भएको घरको | | |
| | क. १००० वर्गफीट सम्मको प्रति वर्गफीट | रु.३।- | |
| | ख. २००० वर्गफीट वर्गफीट सम्मको प्रति वर्गफीट | रु.४।- | |
| | ग. २००० वर्गफीट भन्दा माथि प्रति वर्गफीट | रु.५।- | |
| ४ | जस्ता/टिनको घेरावारा र जस्ता/टिन/टायलको छानो भएको प्रति ब.फीट | रु.१।- | |
| ५ | घेरा बेरा पर्खाल प्रति रनिङ फीट | रु.४।- | |
| ६ | घर नक्सा निरीक्षण तथा सर्जमिन दस्तुर | रु. ५००।- | |
| ७ | जग्गा नाप-जाँच तथा लेआउट दस्तुर | रु. ५००।- | |
| ८ | काठ वा फूसको घर प्रति गोटा | रु. ५००।- | |
| ९ | काठको दुई तल्ले प्रति घर | रु. १०००।- | |
| १० | अभिलेखिकरण | रु. १०००।- | |

**(ख) उद्योग व्यवसाय तर्फ :-**

| | | | |
|---|---|---|---|
| (१) | घर नक्सा किताब | रु. १०००।- | |
| (२) | घर नक्सा निरीक्षण तथा सर्जमिन दस्तुर | रु. १०००।- | |
| (३) | टिनको घेराबेरा र टिनको छाना भएको ट्रशहरु प्रति वर्ग फिट | रु. ५।- | |
| (४) | छानो टिना र पर्खाल ईटा भएको हकमा प्रति वर्ग फिट | रु. ६।- | |
| (५) | फ्रेम स्ट्रकचर भएको हकमा प्रति वर्ग फिट | रु. ७।- | |

**नोट :**

(१) नामसारी दस्तुर (घरनक्सा पास गर्दा लाग्ने दस्तुरको ५०%) लाग्नेछ ।

(२) संशोधन दस्तुर (संशोधन भएको १०% क्षेत्रफल सम्मकोलागि  घरनक्सा पास गर्दा लाग्ने दस्तुरको २०% र सो भन्दा माथिकोलागि ५०%) लाग्ने छ ।

(३) घर निर्माण कार्यको स्विकृति लिएको २ वर्ष भित्र निर्माण सम्पन्न गरी प्रमाण पत्र नलिएमा लाग्ने दस्तुरको १५% जरिवाना लाग्ने छ ।

(४) कारणवस घर निर्माण सम्पन्न हुन नरकेमा एक पटकको लागि लाग्ने दस्तुरको ५०% रकम बुझाई २ वर्ष सम्म म्याद थप गर्न  सकिने छ ।

(५) गा.वि.स.बाट निर्माण इजाजत पत्र लिएको र गा.पा.मा सो को अभिलेख नभएका घरहरुको अभिलेखिकरण शु:ल्क दफा ११.५ को क (१०) बमोजिम हुनेछ र इजाजत नलिइ बनाएका पुराना घरहरुको अभिलेखिकरण शु:ल्क चालु आ.व. को पहिलो तीन महिना नयाँ निर्माण सरह हुने छ र उक्त तीन महिना पछि १०० प्रतिशत जरिवाना लाग्नेछ  पछि ।

(६) इजाजत नलिइ घर निर्माण गरेमा पा तला थप गरेमा १०० प्रतिशत जरिवाना लाग्नेछ ।

(७) संघीय,प्रदेश र स्थानीय सरकार,सरकारी अस्पताल, सरकारी शिक्षण संस्था, सरकारी संस्थान, धार्मीक संस्था , दुतावास, बाणिज्य नियोग, कुटनैतिक नियोग, खानेपानी संकलन पोखरी, विद्युत गृह, कब्रिस्थान, कर्बला, मजार, विमान स्थल, बस पार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु आदिको स्वामित्वमा रहेको जग्गामा बनाउने भवनहरुमा घर नक्सा पास दस्तुर वाहेकको रकम लाग्ने छ ।

(८) अस्थाई घर निर्माण इजाजत मात्र लिएको तर स्थाई/दोश्रो चरण/सुपर स्ट्रक्चरको निर्माण ईजाजत नलिइ घर सम्पन्न गरेमा घर नक्सा पास दस्तुरमा १०० प्रतिशत जरिवाना लाग्नेछ  पछि ।

**(११.६) कर तथा शुल्क संकलन सम्वन्धि नीति तथा कार्यविधि :** आर्थिक ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि गाउँपालिकाले तोके वमोजिम हुने र नयाँ प्रस्तावित करको संकलन सम्वन्धमा संकलन कार्यविधि निर्माण गरी मात्र संकलन गरिनेछ ।

(१) आन्तरिक राजश्व परिचालनलाई थप प्रभावकारी बनाउन राजश्व परिचालन सम्बन्धि कार्यक्रमहरु संचालन गरिने छन् ।

(२) सबै करदाताहरुलाई सहज र सरल तरिकाबाट कर भुक्तानी गर्न उत्प्रेरित गरिने छ ।

(३) साबिकमा लिइदै आएको र आ.ब.०७५।७६ मा गाउँपालिका भरि लागु गरिएको घर जग्गा करको सट्टामा आ.व.०७६/०७७ देखि सम्पत्ति कर लागु  भएको हुँदा बक्यौता घर जग्गा कर समेत लिइने छ ।

(४) साबिकमा लिइदै आएको मालपोत  आ.व.०७६/०७७ देखि भुमि करमा रुपान्तरण भएकोले बक्यौता मालपोत पनि लिइने छ ।

(५) यस ऐनमा उल्लेख भएका कर,दस्तुर तथा शु:ल्कहरु सोहि अनुसार लिइने छ र यसमा उल्लेख नभएका कुनै नयाँ विषयहरु आएमा गाउँकार्यपालिकाको वैठकबाट निर्णय भए अनुसार हुनेछ ।

## अनुसुची -१२

**(दफा १४ सँग सम्बन्धित कर तथा गैह्र कर राजश्वका संकेत तथा शिर्षकहरु )**

| सि.नं. | राजश्व संकेत नं. | राजश्व शीर्षकहरु |
|---|---|---|
| १ | ११३१३ | सम्पत्ति कर/घरजग्गा कर |
| २ | ११३१४ | भूमि कर/मालपोत |
| ३ | ११३१५ | घर जग्गा रजिष्ट्रेशन दस्तुर |
| ४ | ११३२१ | घर बहाल कर |
| ५ | ११३२२ | बहाल बिटौरी / हाट बजार शुल्क |
| ६ | ११४५२ | सडक पुर्बाधार सेवाको उपयोगमा लाग्ने कर (पटके) |
| ७ | ११४७१ | मनोरञ्जन कर (सिनेमा/डकुमेन्ट्री) |
| ८ | ११४७२ | बिज्ञापन कर |
| ९ | ११६३२ | जडिबुटी,कबाडी र जीवजन्तु कर |
| १० | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्रीबाट प्राप्त आय ( ढुङ्गा, गिट्टी , बालुवा बिक्री) |

| | | |
|---|---|---|
| ११ | १४२२१ | न्यायिक दस्तुर (उजुरी,प्रतिउत्तर र मिलापत्र) |
| १२ | १४२२९ | अन्य प्रशासनिक शुल्क (निवेदन बोलपत्र फारम नोअब्जेक्शन सर्टिफिकेट) |
| १३ | १४२४२ | घरनक्शा पास दस्तुर |
| १४ | १४२४३ | सिफारिस दस्तुर |
| १५ | १४२४४ | यक्तिगत घटना दर्ता बिलम्ब शुल्क पञ्जिकरण |
| १६ | १४३१३ | धरौटी जफत सदर स्याहा |
| १७ | १४५२९ | अन्य राजश्व (माथिका अन्य शिर्षकमा नपरेका) |
| १८ | १४६११ | व्यवसाय कर |
| १९ | १५१११ | बेरुजु दाखिला |